# प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ को दफा ५(१) बमोजिम स्वतः प्रकाशन गरिएको विवरण

**कार्यालयको नामः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, बागमती प्रदेश**

**अवधिः- २०८० श्रावण १ देखि २०८० कार्तिक मसान्तसम्म**

## १. निकायको स्वरुप र प्रकृति

नेपालको संविधानमा व्यवस्था भए अनुरुप प्रदेश सरकारहरुको स्थापना भएपश्चात् प्रदेशको प्रादेशिक प्रशासनको सर्वोच्च निकाय (Apex Body) को रूपमा वि.सं. २०७४/१०/०५ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्थापना भएको हो। यो कार्यालय एकातिर प्रदेशको कार्यकारी प्रमुख मुख्यमन्त्रीको कार्यालय भएकोले मुख्यमन्त्रीलाई सचिवालयको सेवा प्रदान गर्दै आएको छ भने अर्कोतिर प्रदेशको उच्च प्रशासनिक पदाधिकारी प्रमुख सचिवज्यूको कार्यालय पनि भएकोले प्रदेश मन्त्रिपरिषद्को कार्यसम्पादनमा प्रशासनिक एवम् प्राविधिक सहयोग पुऱ्याउने गर्दछ । राजनीतिक र प्रशासनिक दुबै दृष्टिकोणले उच्च निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने कार्यालय भएको हुँदा यो प्रादेशिक प्रशासनको केन्द्रविन्दुको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । प्रदेशका सबै मन्त्रालयहरुको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू यस कार्यालयको कार्यक्षेत्रभित्र पर्ने भएकोले पनि यसको सक्रियता र प्रभावकारिताले अन्य मन्त्रालयहरुको कार्यसम्पादन स्तरलाई प्रभावकारी बनाउन सघाउ पुग्दछ ।

## २. निकायको काम, कर्तव्य र अधिकार


बागमती प्रदेश सरकार, (कार्यविभाजन) नियमावली, २०८० अनुसार यस कार्यालयको काम, कर्तव्य र अधिकारहरु यस प्रकार रहेका छन् ।

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १. | प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी |
| २. | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन |
| ३. | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन |
| ४. | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| ५. | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ६. | प्रदेश मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण |
| ७. | प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन |
| ८. | प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण |
| ९. | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन |

| सि.नं. | कार्य जिम्मेवारी |
|---|---|
| १०. | मानव अधिकारको संरक्षण र प्रवर्द्धन |
| ११. | सुशासन, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार |
| १२. | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय |
| १३. | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १४. | प्रदेश प्रमुखको सम्पर्क सम्बन्धी विषय (प्रतिवेदन समेत) |
| १५. | अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध |
| १६. | प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन |
| १७. | निर्वाचन कार्यमा सहयोग र समन्वय |
| १८. | प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |
| १९. | प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण |
| २०. | प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २१. | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन |

**३. निकायमा रहने कर्मचारीको संगठन संरचना**

स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार यस कार्यालयको संगठन संरचना यस प्रकार रहेको छ।




## ४. निकायबाट प्रदान गरिने सेवा

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका नीतिगत र व्यावहारिक निर्णयहरु तथा जनशक्ति व्यवस्थापनका सेवाहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

बागमती प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०८० ले तोकेको कार्यक्षेत्रभित्रका सेवाहरु स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण अनुसारका पदस्थापना वा जिम्मेवारी तोकिएका अधिकारीहरुबाट प्रचलित नियम बमोजिम प्रवाह हुने गरेको छ ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| १ | श्री घनश्याम उपाध्याय | प्रमुख सचिव | – |
| २ | श्री निश्चलराज पाण्डे | प्रदेश सचिव | प्रशासन तथा बैठक महाशाखा |
| ३ | श्री विनोद कुमार भट्टराई | प्रदेश सचिव (कानून) | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ४ | – | प्रदेश सचिव | शासकीय सुधार तथा समन्वय महाशाखा |
| ५ | श्री विनोद अमात्य | उप सचिव (कानून) | कानून तथा संवैधानिक मामिला |
| ६ | श्री राजेन्द्र अर्याल | उप सचिव | शासकीय सुधार तथा सञ्चार |
| ७ | श्री वीरेन्द्रजंग थापा | अधिकृतस्तर दशौं | मुख्यमन्त्रीज्यूको नीजि सचिवालय |
| ८ | श्री अनिता तामाङ | अधिकृतस्तर नवौं | प्रदेश किताबखाना |

| सि.नं. | कर्मचारीहरुको नाम | पद | महाशाखा/शाखा |
|---|---|---|---|
| ९ | श्री देवी प्रसाद गौतम | लेखा अधिकृत, आठौं | आर्थिक प्रशासन |
| १० | श्री विनोद पौडेल | अधिकृत आठौं | कर्मचारी प्रशासन |
| ११ | श्री सुरेन्द्र कार्की | अधिकृत आठौं | शासकीय सुधार तथा सञ्चार |
| १२ | श्री विमोचन घिमिरे | अधिकृत आठौं | योजना अनुगमन तथा नतिजा व्यवस्थापन |
| १३ | श्री पुरुषोत्तम मिश्र | अधिकृत छैठौं | कर्मचारी प्रशासन |
| १४ | श्री गोपाल प्रसाद पोखरेल | अधिकृत छैठौं | प्रदेश किताबखाना |
| १५ | श्री दिनेश श्रेष्ठ | अधिकृत छैठौं | बढुवा समितिको सचिवालय |
| १६ | श्री सुदिप सुवेदी | अधिकृत छैठौं | जिन्सी शाखा |
| १७ | श्री लुना तिमल्सिना | क. अधिकृत छैठौं | सुचना तथा सञ्चार समन्वय शाखा |
| १८ | श्री रोशनी प्रधानाङ्ग | सहायक पाँचौं | दर्ता/चलानी |
| १९ | श्री सुदिप दाहाल | नायब सुब्बा | श्रीमान् प्रमुख सचिवको सचिवालय |
| २० | श्री सुरेश राई | सहायक पाँचौ | प्रदेश किताबखाना |
| २१ | श्री विश्वास राना | खरिदार | बैठक शाखा |
| २२ | श्री प्रकाशचन्द्र राई | सहायक पाँचौं | कर्मचारी प्रशासन |
| २३ | श्री दिपा सापकोटा | सहायक पाँचौं | कर्मचारी प्रशासन |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित नियम अनुसार ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्रदेश सरकार मन्त्रिपरिषद्, माननीय मुख्यमन्त्री, प्रमुख सचिव, प्रदेश सचिव तथा अधिकार प्रत्यायोजन भएका अधिकारीहरुबाट प्रचलित नियमानुसार निर्णय गर्ने व्यवस्था छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस कार्यालयमा विभिन्न शाखाहरूबाट गरिएका निर्णयहरु उपर सम्बन्धित महाशाखाका प्रमुखज्यूहरु (प्रदेश सचिव) समक्ष तथा सचिव स्तरबाट भएका निर्णयहरुका सम्बन्धमा उजुरी भएमा प्रमुख सचिव समक्ष उजुरी वा गुनासो राख्न सकिनेछ ।

## ९. सम्पादन गरेका कामको विवरण

आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिकमा सम्पादन भएका क्रियाकलाप तथा गतिविधिहरुको विवरण यस प्रकार छ ।

- बागमती प्रदेश सरकारको आ.व. ०८०/८१ को बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा मा.मुख्यमन्त्री तथा मा.मन्त्रिहरू बीच कार्यसम्पादन करार भएको ।

<u>समन्वय र सहकार्य तर्फ</u>

- राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा सहभागिता ।

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा आयोजित प्रदेश स्तरीय कार्यविस्तृतीकरण परिमार्जन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय र सहजिकरण ।
- राष्ट्रिय योजना आयोगबाट आयोजना भएको १६औं आवधिक योजनाको प्रारम्भिक मस्यौदा छलफल कार्यक्रम सञ्चालनको लागि आवश्यक समन्वय र सहजिकरण ।
- महालक्ष्मी नगरपालिका, ललितपुरको केन्द्र हेरफेरसम्बन्धी प्रस्ताव र बलेफी गाउँपालिकाको वडा संख्या तथा वडा सिमाना हेरफेर सम्बन्धी प्रस्ताव प्रदेश सरकारबाट स्वीकृत भई नेपाल सरकार समक्ष पेस गरिएको।
- यस अवधिमा भगिनी सम्बन्धका लागि स्थानीय सरकार सञ्चालन ऐन अनुसार परामर्श दिईएका स्थानीय तहको विवरणः

| क्र.स. | स्थानीय तह | भगिनी सम्बन्ध स्थापना गर्न चाहेको देश र स्थानीय तह |
|---|---|---|
| १. | नागार्जुन नगरपालिका | Heping District, Tianjin Municipality of People's Republic of China |
| २. | महालक्ष्मी नगरपालिका | People's Republic of China, Jinggangshan City, Jiangxi Province |
| ३. | पाँचखाल नगरपालिका | Finale City, Government of Italy र Miyoko City, Governent of Japan |
| ४. | भरतपुर नगरपालिका | Shigatse Municipality, Tibet Autonomous Region, PRC |
| ५. | भिमेश्वर नगरपालिका | मित्र राष्ट्र चिनको सिचुवान प्रान्तको छेन्दु स्थित दुचियाङ्ग्यान शहर |

- नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु, संवैधानिक आयोगहरु, बागमती प्रदेशका स्थानीय तह तथा अन्य प्रदेशहरुसँग समन्वय, सम्पर्क र सहयोग आदान प्रदानका क्रियाकलापहरु (पत्राचार, बैठकमा सहभागिता आदी),
- नेपाल सरकारका विभिन्न मन्त्रालय तथा निकायहरु तथा संवैधानिक आयोगहरुबाट माग भई आएका विवरण तथा तथ्याङ्कहरु सङ्कलन तथा एकीकृत गरी पठाउने कार्य,
- नेपाल सरकार, नेपाल सरकारका मन्त्रालय तथा निकाय एवं संवैधानिक निकायहरुबाट भएका निर्णय कार्यान्वयन, यसका लागि बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालय तथा निकायहरु सँग सहकार्य गरिएको ।

**नियमित कार्यसम्पादन तर्फ**

- बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठकहरु नियमित रुपमा सञ्चालन गरिएको ।यस अवधिमा सातको बैठक बसी ४० वटा निर्णय भएको । प्रदेश सरकार मन्त्रिपरिषद्बाट भएका निर्णयहरू यस कार्यालयको बेबसाईटमा प्रकाशित गर्ने गरिएको ।
- प्रमुख सचिवज्यूको अध्यक्षतामा प्रदेश सरकारका सचिवहरुको बैठकहरु नियमित रुपमा आयोजना गरिएको ।
- कर्मचारी व्यवस्थापनका क्रियाकलापहरु (कार्य सम्पादन मूल्याङ्कन, सरुवा, अध्ययन र असाधारण बिदा सिफारिस, अध्ययन बिदा पूर्व स्वीकृति, तह वृद्धि आदि) गरिएको। यस अवधिमा भएको विवरण

| **विषय** | **निकाय** | **संख्या** |
|---|---|---|
| सरुवा | स्थानीय | ५४४ |
| सरुवा | प्रदेश | ४० |
| स्वीकृत अस्थायी दरवन्दी | प्रदेश | १६१९ |
| अध्ययन पूर्व स्वीकृति | स्थानीय | २५ |
| अध्ययन पूर्व स्वीकृति | प्रदेश | ८ |
| अध्ययन विदा स्वीकृति | स्थानीय | ३ |
| अध्ययन विदा स्वीकृति | प्रदेश | ९ |

- यस कार्यालयलाई विपक्षी बनाएर अदालतमा दायर भएका मुद्धाहरुको लिखित जवाफ पेस गरिएको।

- बढुवा समितिको सचिवालय भएका बढुवा सिफारिसको विवरणः

| क्र.सं. | बढुवा सूचना प्रकाशित मिति | प्रदेश सेवा/स्थानीय सेवा | सेवा | समूह | उपसमूह | पद/तह | माग पद सङ्ख्या | बढुवा सिफारिस सङ्ख्या | बढुवा सिफारिस भएका मध्ये | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | महिला | पुरुष | |
| १ | २०८०/०५/२० | स्थानीय सेवा | प्रशासन | सामान्य प्रशासन | | अधिकृत/नवौं | २ | २ | १ | १ | |
| २ | २०८०/०५/२० | स्थानीय सेवा | इन्जिनियर | सिभिल | जनरल | अधिकृत/नवौं | ४ | ० | ० | ० | आवेदन नपरेको |
| ३ | २०८०/०५/२० | स्थानीय सेवा | इन्जिनियर | मेकानिकल | जनरल मेकानिकल | अधिकृत/नवौं | २ | ० | ० | ० | आवेदन नपरेको |
| ४ | २०८०/०६/१० | स्थानीय सेवा | प्रशासन | सामान्य प्रशासन | | अधिकृत/सातौं | ४ | ४ | ० | ४ | |
| ५ | २०८०/०६/१० | स्थानीय सेवा | प्रशासन | लेखा | | लेखा अधिकृत/सातौं | १ | १ | १ | ० | |
| ६ | २०८०/०६/२४ | स्थानीय सेवा | शिक्षा | शिक्षा प्रशासन | | शिक्षा अधिकृत/सातौं | ३ | १ | ० | १ | कम आवेदन परेको |
| ७ | २०८०/०६/२४ | स्थानीय सेवा | इन्जिनियर | सिभिल | | इन्जिनियर/सातौं | ९ | ३ | ० | ३ | कम आवेदन परेको |

| क्र.सं. | बढुवा सूचना प्रकाशित मिति | प्रदेश सेवा/स्थानीय सेवा | सेवा | समूह | उपसमूह | पद/तह | माग पद सङ्ख्या | बढुवा सिफारिस सङ्ख्या | बढुवा सिफारिस भएका मध्ये | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | महिला | पुरुष | |
| १ | २०८०/०६/२४ | प्रदेश सेवा | कृषि | | | प्रमुख/एघारौं | २ | २ | ० | २ | |

| क्र.सं. | बढुवा सूचना प्रकाशित मिति | प्रदेश सेवा/स्थानीय सेवा | सेवा | समूह | उपसमूह | पद/तह | माग पद सङ्ख्या | बढुवा सिफारिस सङ्ख्या | बढुवा सिफारिस भएका मध्ये | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | महिला | पुरुष | |
| २ | २०८०/०६/२४ | प्रदेश सेवा | कृषि | | | निर्देशक/एघारौं | १ | १ | ० | १ | |
| ३ | २०८०/०७/२२ | प्रदेश सेवा | प्रशासन | | | अधिकृत/एघारौं | १ | १ | ० | १ | |
| ४ | २०८०/०५/२० | प्रदेश सेवा | स्वास्थ्य | ज.हे.स. | | मे.सु./नवौं | १ | १ | ० | १ | |
| ५ | २०८०/०५/२० | प्रदेश सेवा | स्वास्थ्य | हे.इ. | | ज.स्वा.प्रशासक/ नवौं | १ | ० | ० | ० | सम्भाव्य नभएको |
| ६ | २०८०/०५/२७ | प्रदेश सेवा | प्रशासन | सामान्य प्रशासन | | अधिकृत/सातौं | ३ | ३ | ० | ३ | |
| ७ | २०८०/०५/२७ | प्रदेश सेवा | प्रशासन | लेखा | | लेखा अधिकृत/सातौं | ३ | ३ | ० | ३ | |
| ८ | २०८०/०६/१० | प्रदेश सेवा | इन्जिनियर | सिभिल | इरिगेशन | इन्जिनियर/सातौं | ३ | ३ | ० | ३ | |
| ९ | २०८०/०६/१० | प्रदेश सेवा | इन्जिनियर | सिभिल | स्यानिटरी | इन्जिनियर/सातौं | ४ | ० | ० | ० | सम्भाव्य नभएको |
| १० | २०८०/०६/१० | प्रदेश सेवा | इन्जिनियर | सिभिल | हाइड्रोपावर | इन्जिनियर/सातौं | १ | ० | ० | ० | आवेदन नपरेको |
| ११ | २०८०/०६/१० | प्रदेश सेवा | इन्जिनियर | जियोलोजी | हाइड्रोजियोलोजी | हाइड्रोजियोलोजिष्ट /सातौं | १ | १ | ० | १ | |
| १२ | २०८०/०६/१० | प्रदेश सेवा | इन्जिनियर | सर्भे | | नापी अधिकृत | १ | ० | ० | ० | सम्भाव्य नभएको |
| १३ | २०८०/०६/१० | प्रदेश सेवा | इन्जिनियर | वि.एण्ड आर | | इन्जिनियर/सातौं | ९ | ० | ० | ० | सम्भाव्य नभएको |
| १४ | २०८०/०६/१० | प्रदेश सेवा | इन्जिनियर | सिभिल | जनरल | इन्जिनियर/सातौं | २ | २ | १ | १ | |

| क्र.सं. | बढुवा सूचना प्रकाशित मिति | प्रदेश सेवा/स्थानीय सेवा | सेवा | समूह | उपसमूह | पद/तह | माग पद सङ्ख्या | बढुवा सिफारिस सङ्ख्या | बढुवा सिफारिस भएका मध्ये | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | महिला | पुरुष | |
| १५ | २०८०/०६/२४ | प्रदेश सेवा | शिक्षा | शिक्षा प्रशासन | | शिक्षा अधिकृत/सातौं | २ | २ | १ | १ | |
| १६ | २०८०/०७/२२ | प्रदेश सेवा | वन | जनरल फरेष्ट्री | | सहायक वन अधिकृत/सातौं | १६ | १६ | ३ | १३ | |

१०. **प्रमुख सचिवको नामः** श्री घनश्याम उपाध्याय

११. **प्रवक्ताको नामः** श्री राजेन्द्र बहादुर अर्याल

१२. **सूचना अधिकारीको नाम र पदः** श्री विमोचन घिमिरे

१३. **कार्यालयको Website:** [https://ocmcm.bagamati.gov.np/](https://ocmcm.bagamati.gov.np/)

१४. **मन्त्रालयको सम्पर्क नं.** *०५७-५२२३८५, ०५७-५२२३८७, ०५७-५२२३९७, ०५७-५२२८९७, ०५७-५२२८९८*

**१५. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

यस अवधिमा जारी भएका नयाँ कानुनहरुको सूची यस प्रकार छ ।

- बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०
- प्रदेश आन्तरिक पर्यटन काज सम्बन्धी मापदण्ड, २०८०
- प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८०

**१६. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**

यस कार्यालयले आर्थिक वर्ष २०८०/८१ को पहिलो चौमासिक भएको खर्चको विवरण यस प्रकार रहेको छ ।

| **बजेट उपशीर्षक नं** | **खुद बजेट** | **०८० कार्तिक सम्मको खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय [३०१०००११३] | १,८६३,३९९,०००.०० | ४३,९६२,८३३.६० | २.३६% |
| मुख्यमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय [३०१०००११४] | १३,०००,०००.०० | २,०२८,४१७.०० | १५.६०% |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ शसर्त अनुदान) [३०१९११२०३] | २०,७००,०००.०० | १,०९०,५३४.०० | ५.२७% |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (संघ शसर्त अनुदान) [३०१९११२०४] | १,०००,०००.०० | ०.०० | ०.००% |
| **जम्मा** | **१,८९८,०९९,०००.००** | **४७,०८१,७८४.६०** | **२.४८%** |